Annapurna Sampurna 30 Aug 2018 p-20.

# प्राज्ञिक कर्ममा कैलाश

**कैलाश जबर्जस्ती दबाइएको आदिवासी जनजातिको इतिहासलाई उत्खनन् गर्ने र त्यसको अन्तर्यमा रहेको पहिचानको मुद्दालाई मूलप्रवाहीकरण गरिनुपर्छ भन्ठान्छिन्।**

● वन्दना ढकाल

नेपाली समाजमा लेखपढको काम र अध्ययन-अनुसन्धानमा एउटा खास वर्ग, खास समुदाय र एकै लिंगको वर्चस्व छ। उच्च तथा मध्यम वर्ग, ब्राह्मण (अलिअलि क्षेत्री) र लैंगिक हिसाबले पुरुषहरू नै लेखपढ र ज्ञानउत्पादनका हकदारजस्ता छन्। यस्तो प्राज्ञिक पर्यावरणमा जनजाति समुदायमा पूर्वको कर्णाली मानिने भोजपुर जिल्लाबाट कैलाश राईले ज्ञानउत्पादनमा आफ्नो उपस्थिति बनाइरहेकी छिन्।

शिक्षा, सुधार तथा विद्रोहका दृष्टिले भोजपुर ऐतिहासिक जिल्ला हो। राणाकालकी विद्रोही महिला योगमाया भोजपुरकै थिइन्। बालागुरु नामले चिनिने षडानन्दको शैक्षिक केन्द्र भोजपुर नै थियो। तर, भोजपुरकै राई समुदाय त्यस जिल्लाको अर्को पाटो थियो। त्यही अर्को पाटोबाट कैलाश प्राज्ञिक कर्ममा प्रवेश गरेकी हुन्। नेपाली समाजमा जनजातीय हिसाबले राईले त्यसमा पनि महिलाले अध्ययन र अनुसन्धानमा हात हाल्नु आफैँमा चुनौतीपूर्ण कदम हो।

नेपाललाई विविधतायुक्त देश भनेर 'गौरव' गरिन्छ तर यो विविधता विभेदपूर्ण छ। एक जाति एक भेष, एक भाषा एक देशको शासकीय अवधारणामा नेपाल लामो समय किचियो। त्यही किचाइमा परेको समुदायबाट निस्केकी कैलाश अहिले जनजाति महिला आन्दोलनकै अभिलेखीकरणमा क्रियाशील छिन्।

दुई दशकअघि सुरु भएको दश वर्षे जनयुद्ध, त्यसपछिको जनआन्दोलन (२०६२/०६३) ले नेपाली समाजको विभेदका जगहरू हल्लाएको थियो र सतहमा ल्याएको थियो- पहिचानको मुद्दा। नेपालमा पहिचानको मुद्दाले वर्ग, वर्ण, जाति, क्षेत्र र लिंगका आधारमा हुने विभेदको समग्र अन्त्यको लक्ष्य राखेको थियो। शक्तिशाली राजनीतिक आन्दोलनले बोकेपछि मात्रै नेपालमा पहिचानको मुद्दामा मूलधारको पत्रकारिता, प्राज्ञिक बहस, अनुसन्धान आकर्षित भएको हो। कैलाश आफ्नो अध्ययन अनुसन्धानको आधारभूमि त्यही राजनीतिक आन्दोलन रहेको स्विकार्छिन्। उनले भनेकी छिन्, 'दश वर्षे माओवादी जनयुद्ध, दोस्रो जनआन्दोलन, जनजाति आन्दोलन, मधेश आन्दोलन, थारू आन्दोलन र पहिचानकेन्द्रित आन्दोलनहरूको पृष्ठभूमिमा उठेको समानुपातिक एवं विविधतायुक्त प्रतिनिधित्व र समावेशीकरणको सवालले नेपालको राजनीतिक र सामाजिक वृत्तलाई फराकिलो बनाउन सघाउ पुर्‍यायो।' (पहिचानको खोजी, भूमिका, पृ. ६)।'

जनजाति र त्यसमा पनि महिला विषयक अध्ययन-अनुसन्धानमै लाग्नुको कारणमा उनले पछिल्लो पुस्तक 'आदिवासी जनजाति महिलाका संगठन, आन्दोलन र लेखन'मा लेखेकी छिन्, 'हामीकहाँ आदिवासी जनजाति समुदायका मात्रै नभएर अरू सबै सीमान्तकृत समुदायका महिलाका लागि अध्ययन-अनुसन्धान, बहस र ज्ञान निर्माणको वृत्त ज्यादै साँघुरो छ। चुनौती र कठिनाइको तुलनामा अवसर असाध्यै न्यून छ।'

महिला, दलित, आदिवासी जनजाति एवं निम्न वर्गको पहिचानको मुद्दालाई दुई दृष्टिले व्याख्या गर्ने क्रम अझै जारी छ। एकथरीले यसलाई विखण्डनकारी विषयका रूपमा चित्रित गर्छन् भने अर्काथरीले स्वअस्तित्वको खोजी र मुक्तिको बाटोका रूपमा पैरवी गर्छन्।



कैलाश दोस्रो समूहमा पर्छिन्। उनी जबर्जस्ती दबाइएको आदिवासी जनजातिको इतिहासलाई उत्खनन् गर्ने र त्यसको अन्तर्यमा रहेको पहिचानको मुद्दालाई मूलप्रवाहीकरण गरिनुपर्छ भन्ठान्छिन्।

राजनीतिशास्त्रमा स्नातकोत्तर कैलाशको जीवन बाल्यकालदेखि नै संघर्षपूर्ण छ। सानैमा मातृविहीन बन्न पुगेकी उनले युवा अवस्थामा आफ्नी एक मात्र दिदीलाई क्यान्सर रोगका कारण गुमाउनुपर्‍यो। काठमाडौँमा क्याम्पस पढ्नु नै तत्कालीन दुःखको निवारणका रूपमा लिएकी कैलाशले औसत नेपालीले गर्नपर्ने सबै खाले मिहिनेत गरिन्। यही मिहिनतले नै सीमान्तकृत समुदायले गरेको विगत र वर्तमानको आन्दोलनको दस्तावेजीकरण चाहिँ हुनैपर्छ भन्नेतिर प्रेरित गर्‍यो र जनजाति महिला आन्दोलनलाई नै अनुसन्धानको मूल विषय बनाउन पुगिन्। यही अनुसन्धानको परिणामस्वरूप उनको 'राज्य पुनःसंरचना र संविधानसभा सन्दर्भग्रन्थ', 'पहिचानको खोजी: आदिवासी जनजाति महिलाका सामाजिक सांस्कृतिक र राजनीतिक सन्दर्भ', 'आदिवासी जनजाति महिलाका संगठन, आन्दोलन र लेखन' जस्ता अनुसन्धानमा केन्द्रित पुस्तकका साथै विभिन्न दैनिक पत्रपत्रिका र अनुसन्धानमूलक जर्नलमा उनका लेखहरू प्रकाशित छन्। साथै, उनले मार्टिन चौतारीमा कार्यरत रहँदा माओवादी महिला लडाकूको संस्मरणको अनुसन्धान गरेकी थिइन् भने सोही अनुसन्धानपत्र लिएर सन् २०१२ मा युनिभर्सिटी अफ लन्डनमा प्रस्तुत गर्न पुगेकी थिइन्।

फास्टफुड संस्कृतिले वेग मारिरहेको समयमा कतिपय लेखन र लेखकको मनोवृत्ति पनि फास्टफुड खालकै देखिन्छ। रातारात हिट हुने चर्को होडको अपवादमा ज्ञान उत्पादनको लम्बे यात्रामा लाग्नु कैलाशको सीमान्तकृत समुदायप्रति जिम्मेवारीबोध हो। जिम्मेवार व्यक्तिले मात्रै यो लम्बे यात्राको भार थेग्ने क्षमता राख्न सक्छ। त्यही यात्राका थालनी पाइला हुन्, उनका पुस्तकहरू।

'पहिचानको खोजी' पुस्तकको भूमिकामा उनी भन्छिन्- 'नेपाली महिलाको पहिचान निर्माण गर्दा लैंगिक विभेदरहित समानतामूलक जीवनशैलीमा आफ्नै मौलिक परम्परा, प्रथा र मूल्य मान्यतामा जसोतसो जिउँदै आएका स्वतन्त्र र निर्णायक आदिवासी जनजाति महिलाहरूको छवि मेटाइयो।' यसै आधारमा पनि कैलाशले जनजाति महिला आन्दोलनमै आफ्नो अनुसन्धान केन्द्रित गर्नुको कारण फेला पार्न सकिन्छ।

कैलाशले जुन अनुसन्धानात्मक बाटोमा पाइला राखेकी छिन्, त्यसमा मार्टिन चौतारी संस्थाको योगदान निर्णायक छ। उनले मार्टिन चौतारीमा झण्डै डेढ दशक बिताइन्। २०४६ सालपछिको नेपालको सार्वजनिक बौद्धिक क्षेत्रमा र विशेषतः मिडिया अनुसन्धानका क्षेत्रमा मार्टिन चौतारीको भूमिका र स्थान विशिष्ट छ। मार्टिन चौतारीमा काम गर्दागर्दै उनले आफ्नो अध्ययन र अनुसन्धानको निजी प्रयत्नलाई पनि उजिल्याउँदै लगिन्।